"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

NAMOBUDDHA MUNICIPALITY

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०८१।०८२
चलानी नं. : ४५५

मिति : २०८१/०८/०५

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल

विषयः अस्थायी आवास निर्माण अनुदान सम्बन्धमा।

श्री सरोकारवाला (सबै),
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक।

प्रस्तुत विषयका सम्बन्धमा मिति २०८१ साल असोज १० गते देखि परेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोमा परी प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि सङ्घीय सरकारबाट विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिम अनुदान वितरण गरिने हुँदा सो अनुदानका लागि लाभग्राही कायम गर्न पूर्ण तथा आंशिक रुपमा प्रभावित घरपरिवारलाई तपसिलको समय तालिका अनुसार उल्लेखित कागजात सहित अनिवार्य उपस्थितिका लागि निर्णयानुसार अनुरोध छ।

लाभग्राही कायम गर्न आवश्यक पर्ने कागजातहरुः

१. विपद् प्रभावितको अस्थायी आवास लाभग्राही कायम गरी पाउँ भनि प्रभावित व्यक्तिको निवेदन।
२. पूर्ण रुपमा क्षति भएको वा आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको संचरनाको फोटो।
३. परिचयपत्र (नागरिकता/राष्ट्रिय परिचयपत्र/ मतदाता परिचयपत्र वा वडाको सिफारिस)।
४. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण र चेकको प्रतिलिपि।
५. घरमुली उपस्थित नभएको अवस्थामा, मन्जुरीनामा सहितको निवेदन।
६. अस्थायी आवास निर्माण गर्ने जग्गाको विवरण खुल्ने जग्गाधनि पुर्जा।
७. प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामुहिक मुचुल्का पनि मान्य हुने)
८. विपदमा परी निवेदकको घर पूर्ण रुपले क्षति भएको/आंशिक क्षति भए तापनि बसोबास गर्न योग्य नरहेको उल्लेख भएको वडा कार्यालयको सिफारिस।
९. प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिमको विपद् प्रभावितको स्वघोषणा।
१०. लाभग्राहीको २ प्रति हालै खिचेको फोटो।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०८१/०८/०५

कार्ययोजनाः

मितिः तपसिलमा तोकिए बमोजिम।

समयः ७:००-१७:०० बजेसम्म।

स्थानः नमोबुद्ध नगरपालिकाको सभा हल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

| क्र.सं. | वडा | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नम्बर ०१ | २०८१/०८/०९ गते | |
| २ | वडा नम्बर ०२ | २०८१/०८/१० गते | |
| ३ | वडा नम्बर ०३ | २०८१/०८/११ गते | |
| ४ | वडा नम्बर ०४ | २०८१/०८/१२ गते | |
| ५ | वडा नम्बर ०५ | २०८१/०८/१३ गते | |
| ६ | वडा नम्बर ०६ | २०८१/०८/१४ गते | |
| ७ | वडा नम्बर ०७ | २०८१/०८/१६ गते | |
| ८ | वडा नम्बर ०८ | २०८१/०८/१७ गते | |
| ९ | वडा नम्बर ०९ | २०८१/०८/१८ गते | |
| १० | वडा नम्बर १० | २०८१/०८/१९ गते | |
| ११ | वडा नम्बर ११ | २०८१/०८/२० गते | |
| १२ | निर्धारित मितिमा विशेष कारणले छुट भएको खण्डमा | २०८१/०८/२३ र २४ गते | |

.....................................

(शेष कान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत